समस्त न्यायकर्मी, राष्ट्रसेवक एवम् दिदिबहिनी तथा दाजुभाइहरु

नेपालको न्याय सेवामा चार दशक लामो राष्ट्रसेवा गरी संवैधानिक प्रावधानबमोजिम आजबाट उमेर हदका कारण अनिवार्य अवकाश प्राप्त गर्दैछु।

विभिन्न संवैधानिक तथा कानूनी व्यवस्था एवम् सामाजिक परिवेशका अनेकौं सन्दर्भमा राष्ट्रसेवा गर्दा देशको सामाजिक, आर्थिक, साँस्कृतिक, भौगोलिक एवम् विविध विषयवस्तुको अनुभव गर्ने अवसर प्राप्त भयो। न्याय सम्पादनको कार्यमा सक्रिय रहँदा मैले आफूले व्यक्तिगत र व्यावसायिक रुपमा न्यायका सरोकारवाला निकाय तथा आम जनसमुदायको साथ र सहयोग प्राप्त भएको महशुस गरेको छु। साथै, न्याय सेवामा रहँदा विभिन्न तहका अदालतका भूमिका र सर्वोच्च अदालतमा न्यायाधीश र प्रधान न्यायाधीशका रुपमा कार्य गर्दा सबैबाट उल्लेखनीय र अविस्मरणीय सहयोग प्राप्त भएको अनुभव भएको छ। यस अवधिमा कार्य सम्पादनका क्रममा सदैव आफ्नो ज्ञान, विवेक र अनुभवका आधारमा इमान्दारितापूर्वक न्यायको उद्देश्यमा केन्द्रित रही कार्य गर्ने प्रयासमा रहें भन्ने लाग्दछ। यद्यपि, मेरो भूमिकाका बारेमा मूल्याङ्कन गर्ने जिम्मेवारी यहाँहरु सबैलाई सुम्पेको छु।

नेपालको प्रधान न्यायाधीशको मेरो कार्यकालमा वि.सं. २०७५ साल भाद्र २५ गतेदेखि आजसम्मको भूमिकामा न्याय र कानूनको क्षेत्र तथा सरोकारवाला सबै निकायबाट भएको व्यावसायिक एवम् संस्थागत समन्वय र सहकार्यले मेरो जिम्मेवारी निर्वाह गर्न सहज भएको अनुभूतिसमेत मलाई भएको छ। न्यायपालिकामा समर्पित मेरो चार दशक लामो न्याय सेवाका क्रममा आजका दिनसम्म मलाई प्रोत्साहन गर्नुहुने आदरणीय अग्रज पूर्व प्रधान न्यायाधीश तथा न्यायाधीशज्यूहरुप्रति सादर आभार व्यक्त गर्दछु। आजसम्म कार्यरत सहकर्मी सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरु तथा न्याय परिषद् र न्याय सेवा आयोगका माननीय सदस्यहरुप्रति



सम्पर्क नं. : +९७७-१-४२००७००, +९७७-१-४२००७०८, रामशाहपथ, काठमाडौं,पोष्ट बक्स नं. : २०४३८,
ईमेल :cjs@supremecourt.gov.np, cjnsecretariat@gmail.com, वेवसाईट : www.supremecourt.gov.np

हार्दिक आभार व्यक्त गर्दछु। सबै उच्च अदालत र जिल्ला अदालतका माननीय मुख्य न्यायाधीश, न्यायाधीश र जिल्ला न्यायाधीशहरु, नेपाल न्याय सेवाका सबै समूहका राष्ट्रसेवक अधिकृत एवम् कर्मचारीहरु, विद्वान् कानून व्यवसायी तथा न्याय र कानूनको क्षेत्रसँग सम्बन्धित समस्त सरोकारवाला निकायका अधिकारीहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। समाजका अभिन्न अङ्गका रुपमा रहेका सञ्चारकर्मी, नागरिक समाज, अधिकारकर्मी र स्वतन्त्र विज्ञ एवम् प्राज्ञहरुको सकारात्मक र रचनात्मक सहयोगका लागि समेत हार्दिक धन्यवाद व्यक्त गर्दछु।

अन्त्यमा, न्यायपालिकाको स्वतन्त्रता, व्यावसायिकता र संस्थागत विकास आगामी दिनमा थप समृद्धि र उचाईमा स्थापित हुन सकोस् भन्ने शुभकामनाका साथ आम जनसमुदाय र समग्र न्यायका उपभोक्ताहरुलाई धन्यवाद व्यक्त गर्दछु।

१७ पौष, २०७५

(ओमप्रकाश मिश्र)



सम्पर्क नं. : +९७७-१-४२००७००, +९७७-१-४२००७०८, रामशाहपथ, काठमाडौं,पोष्ट बक्स नं. : २०४३८,
ईमेल :cjs@supremecourt.gov.np, cjnsecretariat@gmail.com, वेवसाईट : www.supremecourt.gov.np